# मुसामुसी

एउटा थियो मुसा ।
अर्की थिई मुसी ।





दुवै जना भेटेपछि
भए धेरै खुसी ।

भकारीको पल्लापट्टि
रतियाको फर्सी ।





रातभरि गड्याङ गुडुङ
रतिया त तर्सी ।

# चङ्गा



माथि माथि चङ्गा
तल लट्टाई धागो ।



हेर हेर चङ्गा
कति माथि गा’को ।



म पनि त चङ्गा जस्तै
उड्न पाए माथि



जून अनि तारालाई
बनाउँथेँ साथी ।

# राम्री पुतली

सानी सानी पुतली
कति राम्री
खेल्ने साथी तिमी
अब हाम्री ।





माया गर्छु जति म
वर आउली
कोरीबाटी गरेर
घर जाउली ।

हामीसँग मिलेर
खेल्न जाउली
मिठा मिठा रसिला
गीत गाउली ।





लाइदिन्छु अब लौ
बुट्टे चोली
सानी सानी पुतली
बस डोली ।

# कुकुर साथी

सुन सुन साथी
एक दिन राति
एक्लै परेँ घर
लागिरह्यो डर ।





ढुकढुक गर्छ छाती
कुकुर छ साथी
पराई देखे भुक्छ
कति धेरै जाती ।

बाबाआमा बजार
छैन केही खबर
खाना लिई आउनुभयो
साँझ अबेर ।





कुकुरलाई थिएन
मलाई मात्र किन ?
कुकुरलाई नदिए
म त छुँदै छुन्नँ ।

# कुकुर र बिरालो



किन भुक्यो कुकुर
बिरालोलाई देखेर
दुई खुट्टा टेकेर
झम्ट्यो बाटो छेकेर ।



दुवै सँगै कराए
केटाकेटी डराए
ठुलाबाले देख्नुभयो
पानी ल्याई छ्याप्नुभयो ।



भिजे कुकुर बिरालो
भाग्नलाई पिरलो
किन पऱ्यो झगडा
कुन चाहिँ थियो तगडा ?



भागी हाले दुवै
हाँस्यौँ हामी खुबै
अब केको डर
हिँड जाऔँ घर ।

# साना साना नक्कले

साना साना नक्कले
झ्यालमा बसे मखखले ।





गीत गाए, रमाए
नाच्न कम्मर समाए ।

कहिले हेर्छन् बाहिर
स्याल आयो कि भनेर





फेरि झ्याल थुनेर
बसे कथा बुनेर ।

# नानीहरुको बानी



चन्चले र फुर्फुरे
खेल्न मात्र खोज्ने
खेल्ने कुरा दियो भने
नयाँ नयाँ रोज्ने ।



सामानहरू देखाउँदा
हातले छुनै पर्ने
ठुलो स्वर गऱ्यो भने
छिटै रुन पर्ने ।

एकैछिनमा झगडा
मिल्ने एकैछिनमा
अल्छी पनि मान्ने गर्छन्
कुनै कुनै दिनमा ।





साना बालबालिकाको
यस्तै हुन्छ बानी
माया लाग्दा कति चलाख
साना साना नानी ।

# काग दाजै

काग दाजै काग दाजै
पिपल झारिदेऊ
कागिनी भाउजूलाई
गुनिउँ चोलो देऊ







काग दाजै काग दाजै
लिची झारिदेऊ
कागिनी भाउजूलाई
चुरा पोते देऊ

काग दाजै काग दाजै
पानी पारिदेऊ
कागिनी भाउजूलाई
बाला टिकी देऊ





काग दाजै काग दाजै
साथी डाकिदेऊ
कागिनी भाउजूलाई
मिठो खान देऊ